का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ चैत २०७९,
बुधबार
22 March 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ५६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



नेपाली सेनाद्वारा मंगलबार टुडिखेलमा आयोजित घोडेजात्रा कार्यक्रममा घोडा दौड प्रतियोगिता गरिँदै । तस्विर : नेपाली सेना

गर्मी याममा,

- झाडापखला, वान्ता, आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ ।
- लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले,
व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सजिलो छैन भागबण्डा




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

सत्तागठबन्धनका रहेका राजनीतिक दलहरु भागवण्डाको छलफलमा केन्द्रित भएका छन् । सत्तारुढ दलका दोस्रो तहका नेताहरु मन्त्रालय, प्रदेश सरकार, प्रदेश मन्त्रालय र संसदीय समितिको सभापतिको भागवण्डामा केन्द्रित भएका हुन् ।

मओवादी केन्द्रका नेताहरुका अनुसार संघीय मन्त्रालय कुन दलले कति लिने भन्ने विषयमा छलफल केन्द्रित भएको छ । तर, साना दलहरुले प्रदेश सरकार, प्रदेश मन्त्रालय र संसदीय समितिको सभापतिको भागवण्डा प्याकेजमै हुनुपर्ने प्रस्ताव राखेका छन् ।

सत्तापक्षमा ११ दल छ । तीन हुन - नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नागरिक उम्नुक्ति पार्टी, नेपाल समाजवादी पार्टी .(नेसपा), आम जनता पार्टी (आजपा) ।

कति दल सरकारमा सहभागी हुने भन्ने अन्योलले पनि सरकार विस्तार हुन समय लागेको कतिपय नेताहरूको भनाइ छ । प्रधानमन्त्री प्रचण्डले एमाले, रास्वपा र राप्रपाले छाडेका र पृष्ठ २ मा

### रास्वपामा दुई धार



सत्तारुढ दलहरु मध्ये रास्वपा सरकारमा सहभागी हुने कि नहुने विषय यकिन भएको छैन् । रास्वपाका प्रमुख सचेतक सन्तोष परियारका अनुसार सरकारमा सहभागी हुने कि नहुने भन्नेबारे रास्वपाले निर्णय लिन बाँकी छ । उनले प्रधानमन्त्रीले लिने विश्वासको मतको समर्थन गरेको तर, सरकारमा सहभागी हुने लगायतका विषयमा निर्णय लिन बाँकी रहेको जानकारी दिए । उनका अनुसार पार्टी सरकारमा सहभागी हुने/नहुने निश्चित छैन ।

तर, रास्वपा आगामी वैशाख १० गते हुने उपनिर्वाचनपछि मात्र सरकारमा सामेल हुन सक्ने कांग्रेस नेताहरू बताउँछन् ।

### प्रचण्ड र देउवासँग पुनको संवाद



सत्तारुढ दलहरुकमा बीचमा पावर सेयरिङबारे छलफल हुँदै गर्दा उपचारका लागि चीनमा रहेका माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले चासो राखेका छन् । नेता पुनको सचिवालयका अनुसार उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवासँग टेलिफोन संवाद गरेका हुन् । संवादका क्रममा प्रचण्ड र शेरबहादुर दृेउवा दुवैले पाँचै वर्ष गठबन्धन पृष्ठ २ मा

## नारामा सीमित प्रतिबद्धता

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

सोलुखुम्बुकी लिला ठटाललाई लाग्थ्यों गाउँमा जातीय भेदभाव कायम भएपनि शहरमा भने यसको प्रभाव निकै कम छ । तर, केही महिनाअघि सापकोटा थर भएकी एउटी साथीको घरमा जाँदा उनलाई सहरमा विभेदले जरो गाडेको अनुभूति भयो । साथीले उनको घरमा पूजा छ आउनु भनेर बोलापछि घरमा पुगेकी लिलालाई उसको आमाले गरेको अपमानले नराम्रो लाग्यो । पूजामा गएकी लिलालाई साथीकी आमाले किचनको बाहिर राखेर खाना खुवाई टीका समेत नलगाई पठाइदिइन् जुन घटनापछि उनी प्राय कसैको घरमा जान मन नलाग्ने बताउँछिन् । लिला त प्रतिनिधि पात्र मात्र हुन्, गाउँमा मात्रै नभएर सहरमा पनि जातीय विभेदले नदेखिने तरिकाले जरो गाडेको पाईन्छ । हरेक सरकार र जनप्रतिनिधिले जातीय विभेद गर्नेलाई कारवाही गर्ने बताएपनि विभेद भने हट्न सकेको छैन ।

हरेक मार्च २१ मा संसारभरि नै विभेदविरुद्धको दिवस मनाइएपनि केही जाति भने अझैपनि विभेदबाट ग्रसित छन् । 'अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा जातीय मुक्ति, समानता एवं स्वतन्त्रताका पक्षधर समस्त नेपालीहरूलाई छुवाछूत र जातीय हिंसाविरुद्ध उभिँदै सभ्य र सु-संस्कृत समाज निर्माणको नेतृत्वका लागि अपिल गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु' प्रधानमन्त्री प्रचण्डले शुभकामना दिदैं भनेका छन् । तर, जातीय विभेद गर्नेलाई दण्ड, सजाय र समानतामूलक समाजको निर्माणमा भने प्रचण्ड स्वयं चुकेको आरोप लाग्दै आएको छ । 'सबै प्रकारका जातीय विभेद उन्मूलन दिवस' प्रति भने सरकार गम्भीर बन्न नसकेको आरोप दलित अभियन्ताले लगाउँदै आएका छन् ।

नेपालमा दलितको जनसंख्या १४ प्रतिशत रहेको छ । अनौपचारिक क्षेत्र इन्सेकको तथ्यांकले वर्षेनी २० वटा भन्दाबढी जातीय विभेदका मुद्दा दर्ता हुनेगरेको देखाउँछ । नेपालको संविधान २०७२ को प्रस्तावनाले सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने उल्लेख गरेको छ । संविधानको धारा १८ अन्तर्गतको समानताको हक, धारा २४ अन्तर्गतको छुवाछुत तथा भेदभावविरुद्धको हक, धारा ४० मा रहेको दलितको हक, र धारा ४२ अन्तर्गतको सामाजिक न्यायको हकले विभेदविरुद्ध सामाजिक न्याय र समानता कायम हुन सकेको छैन । अझ, २०५८ सालमा स्थापना भएको राष्ट्रिय दलित आयोग १४ वर्षसम्म कानुनी आयोगको हैसियत समेत नपाएरै चल्यो भने अहिले संवैधानिक आयोग बनेपनि दलितका क्षेत्रमा प्रभावकारी काम भने गर्न सकेको पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### साउदी आईडीको समस्या हप्ता दिनमै समाधान हुने दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ चैत

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपालस्थित साउदी अरेबियाको दूतावासले ब्लक गरेका परिचयपत्र (साउदी आईडी)को समस्या एक हप्ताभित्र समाधान हुने बताएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालसहित मन्त्रालयका अधिकारी र नेपालका लागि साउदी अरेबियाका राजदूत साद अबु हैमदबीच सोमबार भएको छलफलमा राजदूत हैमदले उक्त प्रतिबद्धता जनाएका हुन् ।

नेपालका ६ सय ५० भन्दा बढी म्यानपावर कम्पनीले साउदी अरेबियामा कामदार पठाउने गरेको भएपनि १ सय ६० भन्दा बढी म्यानपावर कम्पनीको साउदी आईडी नवीकरण नहुँदा डिमाण्ड भएपनि कामदार पठाउन नपाएको व्यवसायीहरुले बताएका छन् ।

संघका महासचिव मेघनाथ भुर्तेलले संघले साउदी दूतावासमा नेपाली कामदारको पृष्ठ २ मा

### साउदी आईडीमा पनि सयको खेल ?

**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायीमाझ साउदी आईडी नवीकरणको विषय लामो समयदेखि नसुल्झिएको एजेण्डाका रूपमा रहेको छ । विगत केही वर्षयता नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा पनि साउदी आईडी समस्या समाधान मत माग्ने बलियो मुद्दाका रूपमा रहने गरेको छ ।

वैदेशिक रोजगार विभागमा दर्ता रहेका ८ सय ८० मध्ये ६ सय ५० भन्दा बढी म्यानपावर कम्पनीले साउदी अरेबियामा कामदार पठाउने गरेका छन् । त्यसमध्ये हाल १ सय ६० भन्दा बढी म्यानपावर कम्पनीको साउदी आईडी नवीकरण नभएका कारण कामदार पठाउन नपाइएको कतिपय व्यवसायीहरु बताउँछन् । पृष्ठ २ मा

## सवारी शैली सच्याउँदै राष्ट्रपति

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

राष्ट्रपति रामचन्द्र पौडेलले सडक खाली नगराइ मंगलबार घोडेजात्रा समारोहमा भाग लिएका छन् । घोडेजात्रा समारोहमा राष्ट्रपति पौडेल सीमित सुरक्षा पंक्तिसहित खुला मञ्च पुगेका थिए । समारोह सकिएपछि पनि राष्ट्रपति पौडेल तामझामपूर्ण सवारी नगरी शितल निवास फर्किए ।

शनिबार पनि राष्ट्रपति पौडेलले यस्तै शैली अपनाएका थिए । बसन्तपुरस्थित कुमारी घर पुग्दा राष्ट्रपति पौडेलको सवारी सामान्य थियो । सडकमा अरु सवारी पनि चलेका थिए भने नागरिक पैदल हिडिरहेका थिए । धेरैले राष्ट्रपति पौडेलको यस्तो सवारीलाई चासोका साथ हेरेका थिए ।

कतिपयले यो सवारी अनौपचारिक भएकाले सडक खाली नगराइ राष्ट्रपति पौडेल बसन्तपुर पुगेको टिप्पणी गरेका थिए । तर मंगलबार घोडेजात्रा समारोहमा जाँदा पनि सडक खाली



गराइएको थिएन । प्रधानमन्त्री र मन्त्रीहरु जस्तै सडक खाली नगराइकन राष्ट्रपति पौडेल खुलामञ्च पुगेका थिए ।

> सवारीकै कारणले निरन्तर विवादित बन्नुपर्ने अवस्था अन्त्य गर्न नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले प्रयास थालेका छन् ।

स्रोतका अनुसार, शनिबार बसन्तपुर र मंगलबार खुलामञ्च पुगेकै जसरी अब राष्ट्रपति पौडेल सवारी हुँदा सडक खाली गराइनेछैन । राष्ट्रपति निर्वाचित भएको भोलिपल्टै विवादित बनेपछि पौडेलले यस्तो शैली अपनाउन लागेका हुन् । २५ फागुनमा निर्वाचित राष्ट्रपति पौडेल भोलिपल्टै पशुपतिनाथको पुजा गर्न गएका थिए ।

राष्ट्रपति पौडेल पशुपति पुग्दा र फर्कदा सडक खाली गराइएको थियो । यातायात अवरुद्ध पारिएको थियो भने सर्वसाधरणलाई सवारीको समयमा हिड्न दिइएको थिएन । यस्तो परम्परागत शैलीलाई निरन्तरता दिएको भन्दै राष्ट्रपति पौडेलको चर्को विरोध भएको थियो । यसअघिका राष्ट्रपतिहरु विद्यादेवी भण्डारी र रामवरण यादव पनि सवारीकै कारण विवादित बनेका थिए ।

सात वर्षे कार्यकाल पुरा गरी विदाइ हुने क्रममा गत २७ माघमा भण्डारीले संसद सम्बोधन गरेकी थिइन् । शितलनिवासबाट संसद भवन अनि फेरि शितल निवास फर्कदा सवारी रुटको सडक खाली गराइएको थियो । सडक खाली गराउने क्रममा बीर अस्पतालका चिकित्सक प्रहरीबाट कुटिए । कुटपिटको विरोधमा नेपाल पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ चैत २०७९, बुधबार
22 March 2023, Wednesday

# बृन्दावनको सूचना प्रक्रियागतरुपमा मात्रै प्राप्त हुन्छ : नगरपालिका

**मध्यान्ह संवाददाता**
रौतहट, ७ चैत




रौतहटको बृन्दावन नगरपालिकाले सूचनाको हकबमोजिम प्रमाणित प्रतिलिपि विवरण नदिने भएको छ । गत २०७९ फागुन १२ गते नै सूचनाको हकबमोजिम प्रमाणित प्रतिलिपि पाउँ भनी राजनैतिक दलका व्यक्ति र वडाअध्यक्ष समेतले माग गरेको विवरण नगर प्रमुखले नदिने नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नयाँ प्रमुख प्रशासकीय अधिकृत २०७९ असार ६ गते हाजिर भएपछि हालको विवरण माग गर्नु र अगाडिको विवरण आफ्नै निवेदक पूर्वमेयर रामस्नेही यादवको कार्यकालको नि. प्रमुख प्रशासकीय अधिकृतको भएकोले पूर्वाग्रहका साथ माग नगर्नु बेमनासिव देखिएको छ ।'

नगर प्रमुख कुर्मीले सूचनाको हकसम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम समयक्रममा दिनुपर्ने सूचनाको विषयमा भने संवेदनशील र प्रतिवद्ध रहेको बताए । छैटौं नगरसभाको बन्दसत्र २०७९ असार ११ गते नेपाल माविको सभा हलमा वार्षिक कार्यक्रम तथा बजेटबारे छलफल गर्न नदिन हुल हुज्जत, ढुंगामुढा गर्ने तथा २०७९ आि २५ गतेको बन्द सत्रमा कार्यक्रम तथा बजेट पारित गर्ने विषयमा अनुपस्थित हुने व्यक्तिहरु नै अहिले सूचनाको हक भनी प्रमाणित कागजात माग गर्नु पूर्वाग्रहबाट प्रेरित बाहेक अरु हुनै नसक्ने नगरपालिकाको दाबी रहेको छ ।

विज्ञप्तिमा भनिएको छ, '२०७९ माघ २५ गतेसम्म नगर कार्यपालिकाको बैठकसम्म आइपुग्दा बेला बेलाका अवरोध छिचोल्दै आएको र २०७९ माघ २६ गते आरडीसी नेपालको प्राविधिक सहयोगमा पहिलो पटक सामाजिक परीक्षण गरिएबाट विगतमा गुमराह पूर्वक काम गरेका अराजक तत्वहरुले नगरपालिकाबाट भए गरेका कार्यहरुको जवाफदेहिता र उत्तरदायी वहन गर्न खोजिएको जनाउँदै नगरपालिकाको विकास र समृद्धिलाई रोक्न अनेकौं बहाना निकालिएको छ ।'

बागमती नदीको ढुंगा, गिट्टी, बालुवा निकासीको राजस्व उठाउन २०७९ भाद्रमा प्रकाशित सूचनाबाट ठेक्का नलागेपछि स्थायी कर्मचारीलाई जिम्मा दिई अमानतमा राजस्व उठाउन लगाइकोमा विगतमा नगर कार्यपालिकाले २०७४ कात्तिक १४ गतेको निर्णय नं २ बाट ठेक्का नलागेसम्म अमानतबाट राजस्व असुली गर्ने निर्णय भएको र सोही अनुसार यस ठेक्का नलागेसम्मका लागि कर्मचारी खटाइएको नगरपालिकाको दाबी रहेको छ । हालसम्म ठेक्का नलगाइएको सोको विवरण ठेक्का लागेपछि जानकारी गराउने नगरपालिको विज्ञप्तिमा उल्लेख छ ।

सोही क्रममा २०७९ माघ २७ र २८ गते राजस्व असुल गर्ने कर्मचारी र स्थलमाथि आक्रमण गरी ज्यान मार्न खोज्ने तथा सरकारी कागजात कब्जा गर्ने जस्ता हर्कत अमुक राजनैतिक दलको नेतृत्वमा हुनु अत्यन्त खेदजनक कार्य भएको जनाउँदै नगरपालिकाले समयमा सुरक्षा निकायको निगरानी नपुग्नुले दुःखद स्थिति सिर्जना गरेको समेत जनाएको छ । हाल करारमा कर्मचारी नियुक्ति नगरिएको र केही अत्यावश्यक सहयोगी र चालक कर्मचारीलाई डोर हाजिरीमा लगाई कामकाज गराइएको जनाइएको छ ।

कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीलाई सम्बोधन गरी माग गरिएको विभिन्न विवरण समयक्रममा विभिन्न कार्यक्रमबाट सार्वजनिक गरिने र हाल प्रक्रियागतरुपमै रहेको अवस्था भएकाले कार्य सम्पन्न भएपश्चात जानकारी गराइने प्रेस विज्ञप्तिमार्फत सम्बन्धित सबैमा सूचना जारी गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले सूचनाको हकलाई बेवास्ता गरेको भन्दै बृन्दावन नगरपालिकाका नगर प्रमुख सहितका पदाधिकारीमाथि ढुंगामुढा गर्न खोज्दा प्रहरीले सामान्य बल प्रयोग गर्नु परेको थियो । नगरपालिकाभित्र रहेका विभिन्न विषयलाई लिएर बसेको कार्यपालिका बैठक बिना निष्कर्ष स्थगित गरेर मेयर विनोद कुर्मी, उपमेयर, वडाध्यक्षहरु कार्यालयबाट बाहिरिने क्रममा विरोध गर्दै आएका ४ जना वडाध्यक्षसहितका समर्थकहरुले घेरा हालेर ढुंगामुढा गर्न खोजेका थिए । सो क्रममा सुरक्षामा तैनाथ रहेका सुरक्षाकर्मीहरुले सम्झाई बुझाई गर्दा पनि नमानेपछि प्रहरीले सामान्य बल प्रयोग गर्दै एक राउण्ड टियर ग्यास फायर गरेर अवस्थालाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीले मध्यान्हलाई जानकारी दिए ।

# रोकिएका क्याम्पसमा तत्काल स्ववियु निर्वाचन गर्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ चैत

स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिले निर्वाचन हुन नसकेका क्याम्पसहरुमा तत्काल सम्बद्ध पक्षसँग समझदारी गरी निर्वाचन सम्पन्न गर्न निर्देशन दिएको छ । निर्वाचन सम्पन्न हुन बाँकी १३ आंगिक कलेजलाई तत्काल निर्वाचन सम्पन्न गर्न निर्देशन दिएको समितिका सदस्य सचिव प्रा.पशुपति अधिकारीले जानकारी दिए ।

काठमाडौं उपत्यकाभित्रका ७ र बाहिरका ६ वटा क्याम्पसमा स्ववियु निर्वाचन हुन बाँकी छ ।

काठमाडौंका २२ आंगिक क्याम्पसहरूमध्ये अस्कल, त्रिचन्द्र, आरआर, विश्वभाषा, मिनभवन, आयुर्वेद कीर्तिपुर र पाटन गरी ७ क्याम्पसमा र काठमाडौं उपत्यका बाहिरका पृथ्वीनारायण क्याम्पस पोखरा, ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जलगायतका क्याम्पसमा पनि स्ववियु निर्वाचन स्थगित भएको छ ।

## सजिलो...

आफैँसँग राखेका गरी १६ मन्त्रालयको नेतृत्व सम्हाल्दै आएका छन् । विगतमा एमालेले लिएका अर्थ, कृषि, उद्योग, भूमि व्यवस्था, स्वास्थ्य, रक्षा, परराष्ट्र र महिला तथा बालबालिका मन्त्रालयमा एक मन्त्रालय थप गर्ने कांग्रेसको रणनीति छ । त्यसका लागि गठबन्धनमा उसले १० मन्त्रालयको दाबी गरेको छ ।

विगतमा राप्रपाले ऊर्जा, सहरी विकास र कानुन मन्त्रालय लिएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीले गृह, शिक्षा, विज्ञान तथा प्रविधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय पाएको थियो । मन्त्रिपरिषद् विस्तार गर्दा वन तथा वातावरण मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय प्रधानमन्त्रीले आफैँसँग राखेका थिए ।

हाल सरकारमा उपप्रधानमन्त्री एवं भौतिक मन्त्रीमा नारायणकाजी श्रेष्ठ, सूचना, सञ्चार तथा प्रविधिमन्त्री रेखा शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सदन किराँती र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा अमनलाल मोदी छन् । जनमत पार्टीका अब्दुल खान खानेपानी मन्त्री छन् ।

पूरानो गठबन्धन भत्किएर बनेको नयाँ गठबन्धनमा रहेका कांग्रेस, माओवादी, रास्वपा, नेकपा एकीकृत समाजवादी, जसपा, नागरिक उन्मुक्ति पार्टी, जनमत, लोसपा, आम जनता पार्टी, जनमोर्चा र नेसपाका बीच २५ वटा मन्त्रालय भागवण्डा गर्नुपर्नेछ ।

१० मन्त्रालयमा दाबी गरे पनि कांग्रेसले ८ वा ९ मन्त्रालय चाहेको छ । माओवादी केन्द्रले ४ मन्त्रालयमा १ मन्त्रालय थप गर्न चाहेको छ । पावर सेयरिङले उसले गृह, रक्षा र सञ्चार मन्त्रालय आफैँसँग राख्ने प्रस्ताव गरेको छ । उपप्रधानमन्त्री श्रेष्ठ भौतिक मन्त्रालय छाडेर गृहमा जान चाहन्छन् । एमालेले छाडेको मन्त्रालयम भौतिक मन्त्रालय थप गर्न कांग्रेस चाहन्छ ।

नउपा, आम जनता सरकारमा नआउन्जेल कांग्रेस, माओवादी, जसपा, एकीकृत समाजवादी, लोसपा जनमतबीच ९-७-३-३-१-१ मन्त्रालय लिने गरी छलफल भएको छ । तर, रास्वपा र अन्य दल पनि सरकारमा आउन तयार हुने अवस्थालाई समेत ख्याल गरेर मन्त्रालय भगवण्डाबारे नेताहरु गृहकार्यमा जुटेका हुन् ।

## प्रचण्ड...

टिक्ने र त्यसका लागि विश्वासको वातावरण बनाउने गरी नै आफूहर छलफलमा रहेको नेता पुनलाई बताएको उनको सचिवालयले जनाएको छ ।

## नारामा...

छैन । दलहरुबीचको खिचातानी र पहुँचवालाले पीडितको पक्षमा काम नगर्दा उक्त आयोग पनि कर्मचारी भर्ती गर्ने निकाय मात्रै बन्न पुगेको छ ।

'फर्केर हेर्ने हो भने विभिन्न समयका विभिन्न घटनाबाट केही न केही महत्वपूर्ण उपलब्धि हासिल भएकै छ । तर, त्यसलाई हामीले संस्थागत गर्न सकेका छैनौं, सहरमा होस् वा गाउँमा जात व्यवस्थाले जरो गाडेको छ, ,' दलित अभियन्ता विश्वभक्त दुलाल आहुतिले भने । उनले जातीय व्यवस्था नै खारेज हुनुपर्ने बताउँदै आएका छन् । नेपालको संविधानले जातीय विभेद तथा छुवाछूतलाई अपराध मानेतापनि उक्त विषयको कार्यान्वयन पक्ष फितलो हुँदा जातीय विभेदका घटना झनै बढ्न थालेका छन् । समाज परिवर्तन भएपनि सामाजिक चिन्तन र दृष्टिकोण परिवर्तन नहुँदा विभेदका घटनाले थप पश्रय पाईरहेको विज्ञहरु बताउँछन् ।

## साउदी...

भिसा लिन विगत लामो समयदेखि रहेका समस्यालाई नजिकबाट नियलिरहेको र सोहीअनुरुप समस्या समाधानको निमित्त पहल भइरहेको बताए ।

यसअघि नेपालका लागि साउदी अरेबियाका तत्कालीन राजदूत मुसैद बिन सुलैमानले संघसँगको छलफलमा आईडी नवीकरण गर्ने र भिसाको साप्ताहिक कोटा बढाउने प्रतिवद्धता जनाएका थिए । उनी कार्यकाल सकेर स्वदेश फर्किसकेको भएपनि समस्याको समाधान अझै भएको छैन ।

संघले साउदी अरबमा मागपत्र चेम्बरबाट प्रमाणित भएपश्चात नेपाली दूतावासबाट प्रमाणीकरण भई अनलाइन आएको अवस्थामा दुईदेखि तीन हप्ताभित्र पालोअनुसार भिसा दिन आग्रह गरेको संघ कार्यसमिति सदस्य तथा साउदी अरेबिया समस्या समाधान समिति संयोजक वैकुण्ठप्रसाद पौडेलले बताए ।

संघको वर्तमान नेतृत्वले करिब दुई हप्ताअघि दूतावासका कन्सुलरसँग छलफल गरी नेपाली कामदारको भिसा जारी गर्ने प्रक्रियामा रहेका समस्याबारे करिब दुई घण्टा छलफल गरेको थियो ।

## साउदी आइडीमा....

संघको वर्तमानसहित सबैजसो कार्यसमितिले साउदी दूतावाससमक्ष यस विषयमा कुरा उठाए पनि समाधान नहुँदा अनेक खालका टिप्पणी हुने गरेका छन् । पछिल्लोपटक साउदी दूतावासका अधिकारीहरूले ठूलो संख्यामा रहेका नेपाली म्यानपावर कम्पनीसँग डिल गर्न समस्या रहेको भन्दै वार्षिक एक सय जना कामदार साउदी नपठाएको म्यानपावर कम्पनीलाई 'किन चाहियो आईडी ?' भनेर प्रश्न उठाउन थालेको बताइएको छ ।

नेपाल सरकारले इजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारमा पठाएको हुनुपर्ने व्यवस्था अनिवार्य गरेको सिको गरेर साउदी दूतावासका अधिकारीहरूले पनि सोही अनुसारको चर्चा गर्नुलाई भने अनौठो रूपमा हेरिएको छ ।

कतिपयले साउदी अरेबियामा एकलौटी कामदार पठाउन चाहने केही ठूला व्यवसायी दूतावासलाई अनुचित प्रभाव पारेर आफूहरूलाई काम गर्नबाट बञ्चित गराउने प्रपञ्च गर्न थालिएको गुनासो गरेका छन् । के नेपालस्थित साउदी दूतावासले नेपाल सरकारकै सिको गरेर या कुनै सिण्डिकेटधारी व्यवसायीको प्रपञ्चमा परेर संख्या सय लागू गर्ला या सबै इच्छुक व्यवसायीहरुलाई सहजरुपमा साउदीको काम गर्ने अवसर देला त्यो भने हेर्न बाँकी छ ।

## सवारी...

चिकित्सक संघले देशभरको स्वास्थ्य सेवा प्रभावित बनाउने निर्णय लिएको थियो ।

नवनिर्वाचित राष्ट्रपति पौडेलले पनि अघिल्ला राष्ट्रपतिहरुकै जस्तो आलोचना खेप्नु परेपछि अहिले सवारी सुरक्षा कार्यविधि नै संशोधन प्रक्रिया अगाडि बढाइएको छ । गृह मन्त्रालयले विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि-२०७७ संशोधन गर्न लागेको हो ।

स्रोतका अनुसार, गृह मन्त्रालयका सहसचिव जितेन्द्र बस्नेतको नेतृत्वमा कार्यविधि परिमार्जनको काम अगाडि बढेको छ । 'अब विशिष्ट व्यक्तिको राजकीय, औपचारिक र नीजि सवारी हुँदा सडक खाली नगराउने व्यवस्था उल्लेख गर्न लागिएको छ । केही दिनभित्रै यो कार्यविधि मन्त्रिपरिषद्मा पेश गर्ने तयारी छ', ती स्रोत भन्छ ।

**Tatopani Rural Municipality**
**Office of Executive Rural Municipal**
**Karnali Province**
**Litakot, Jumla**

**Letter of Intent to Award the Contract (LOI)**

**Date of Publication: 2023/03/22**

This is to notify to all concerned bidders that, it is our intention to award the contract for the execution of Following construction works to the following substantially responsive lowest evaluated bidders. This notice is published as per PPA 2063 clause 27.2.

| S. No. | Contract ID | Description of Works | Name and Address of Bidder | Bid Amount (Including PS Without VAT) |
|---|---|---|---|---|
| 1 | TRM/Jumla/NCB/W/2079/80-01 | Gidi Khola Pandey Bada Brihat Khanepani Aayojana | R.N.B Builders Jumla, Chandannath-7, Jumla, Nepal | NRs. 35,26,057.75 |
| 2 | TRM/Jumla/SQ/G/2079/80-01 | Supply of Fabricated Steel parts, Hanku truss bridge | Junkiri Industries Pvt. Ltd. Butwal-08, Nepal | NRs. 14,60,400.11 |
| 3 | TRM/Jumla/SQ/G/2079/80-02 | Supply of Fabricated Steel Parts, Buntadi Trail Bridge | Junkiri Industries Pvt. Ltd. Butwal-08, Nepal | NRs. 14,38,014.36 |

**Chief Administrative Officer**

**Nepalgunj Sub-Metropolitan City Office**
**Nepalgunj, Banke**
**Lumbini Province, Nepal**

**Inivation for Bids**

**Notice No : NSMC/NCB/W08/079/80**
**Date Of Publication:- 2079-12-08 (2023-03-22 AD)**

1. Nepalgunj Sub-Metropolitan City Office, Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competative Bidding Procedure.

| S.No | Contract ID. No | Description of Work | Estimated Amount (Without Vat, Contingency And PS) | Bid Security Amount (NRs) | Bidding Document Fee(NRs) | Bid Vilidity /Bid Security validity period | Last Date And Time of Bid Sumission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NSMC/NCB/W08/079/80 | Submersible Pump Jointing Work At Different Places Of Nepalgunj Sub-Metropolitan City Ward No. 1-23 | 37,51,550.59 | 1,05,000.00 | 3,000.00 | 90 days/120 days from the last date of bid submission | 2080/01/08BS (2023-04-21AD) 12:00 Noon | 2080/01/08BS (2023-04-21AD) 2:00 PM NSMC Office |

2. Account No. for Bid document Purchese

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Nepalgunj Sub Metropolitan Office, Banke | Nepalgunj U.Ma.Na.Pa(Ga-1-1)-Antarik 4130100301010002 | 1126165 |

3. Eligible bidders may obtain further information from ( www.bolpatra.gov.np.egp ) Website of Public procurement monitoring Office (PPMO).

**Chief administrative officer**

# ‘नगरपालिकालाई अस्तव्यस्त बनाउन खोजियो’

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ चैत



रौतहटको गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनीप्रसाद जयसवालले सूचानाको हक बमोजिम सम्पूर्ण कागजातहरु उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि जानीजानी आन्दोलन गरी नगरपालिकालाई अस्तव्यस्त बनाउन खोजिएको आरोप लगाएका छन् । नगर प्रमुख जयसवालले नगरपालिका कार्यालय गरुडामा पत्रकार सम्मेलनको आयोजना गरी यस्तो बताएका हुन् ।

नगर प्रमुख जयसवालले लोसपाबाट मेयरमा पराजित दिपक यादवले गत फागुन २९ गते यस नगरपालिकाका करारका कर्मचारीहरुको विवरण लिखितरुपमा माग गर्दा चैत १ गते सो विवरण उपलब्ध गराएको बताए ।

यादवले पुनः चैत २ गते २०७९ जेष्ठ २ गतेदेखि हालसम्मका विभिन्न १२ वटा शीर्षकका सम्पूर्ण कागजातहरु उपलब्ध गराउन सूचनाको हक अन्तर्गतको अधिकार प्रयोग गरी लिखितरुपमा माग गरेका थिए।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ७ (सूचना प्राप्त गर्ने कार्यविधि) को उपदफा २ बमोजिम निवेदन प्राप्त भएको मितिले १५ दिनभित्रमा निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोले सोही व्यवस्था अन्तर्गत १५ दिनभित्रमा यादवले मागेका सम्पूर्ण कागजातहरु उपलब्ध गराउने प्रतिवद्धता जनाइ सकेको मेयर जयसवालले बताए ।

मेयर जयसवालले भने, ‘केही विपक्षीहरुले आन्दोलनको नाममा विकास निर्माणको कार्य अवरुद्ध गरी जनताको नजरमा मलाई असफल बनाउन खोजेका छन् ।’ अन्य दलको समर्थनमा यादवले विभिन्न १२ बुँदे माग राखी विगत केही दिनदेखि गरुडास्थित नगरपालिकाको कार्यालय अगाडि आमरण अनसनमा बसेका छन् ।

कुनै पनि मागको नाममा नगरपालिकाको कामकाज प्रभावित गर्न खोज्नु गलत रहेको नगर प्रमुख जयसवालको भनाइ छ ।

निर्वाचनमा आफूसँग पराजित भएकाहरु प्रतिशोध साध्न जबरजस्ती आफूविरुद्ध मोर्चाबन्दी गरी दिनहुँ आन्दोलन गरिरहेको उनको आरोप छ। केही व्यक्तीहरुले आन्दोलनको नाममा नगरपालिकामा अशान्ति मच्चाउनुका साथै हिंसात्मक गतिविधिमा समेत लागेको उनले बताए ।

नगरप्रमुख जयसवालले नगरको समृद्ध, विकास निर्माणदेखि शिक्षा, स्वास्थ्यको क्षेत्रमा गरीने परिवर्तनबाट विपक्षीहरु अतालिएर विभिन्न षड्यन्त्र गर्न लागिपरेको उनको भनाइ छ । अहिलेसम्म आफूले गरेको कार्यको सम्पूर्ण विवरणहरु दिन तयार रहेको तर त्यसको विधि प्रक्रियाहरु अपनाएर आउन उनले आग्रह गरे । मेयर जयसवालले सार्वजनिक लेखा सुनवाइ कार्यक्रम छिट्टै आयोजना गरेर सबैको सार्वजनिक गर्ने बताए ।

# जे.एस. मुरारका बहुमुखी क्याम्पसमा नेविसंघको प्यानलै विजयी

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ७ चैत



सिरहाको लहानस्थित जे.एस. मुररका बहुमुखी क्याम्पसमा नेपाल विद्यार्थी संघ (नेविसंघ)को प्यानलै विजयी भएको छ। गत आइतबार भएको स्वतन्त्र विधार्थी युनियन (स्ववियु)को निर्वाचनमा नेविसंघका उम्मेदवार रामकृष्ण यादव ५२३ मत प्रप्त गरी विजयी भए । उनका निकटतम प्रतिस्पर्धी संयुक्त गठबन्धन प्यानलबाट सभापतिकी उम्मेदवार चन्द्रकला बच्छारले ४०९ मत प्राप्त गरिन् ।

यस क्याम्पसमा नेविसंघ एक्लै चुनाव लड़ेको थियो भने एमाले, जसपा र माओवादी निकटका विद्यार्थी संगठनले संयुक्त गठबन्धन बनाएका थिए । यस्तै जनमत पार्टी निकट जनमत विद्यार्थी संघ र नेकपा एस निकट अनेरास्ववियु गरी चार प्यानल निर्वाचनमा प्रतिस्पर्धामा थिए ।

निर्वाचन परिणामअनुसार सचिवमा महेशवर साह ५६९ मत र कोषाध्यक्षमा मनिष कुमार चौधरी ७२४ मत ल्याएर विजयी भए । यस्तै कार्यसमिति सदस्यहरुमा यश चौधरी ६७७मत, सुस्मिता विक ६७१ मत, रोहित राउत ६४० मत, हेमायु बस्नेत ६३२ मत, यशियन किराँती ६३० मत, महेश महतो ६२१ मत र सुरेश राम ६१८ मत ल्याएर विजयी भएको सहायक क्याम्पस प्रमुख साजन कुमारले मध्यान्हलाई जानकारी दिए ।

निर्वाचनमा जम्मा २२३८ मतदाता संख्या रहेकोमा १३२६ मत अर्थात् करिब ६० प्रतिशत मत खसेको थियो । नवनिर्वाचित क्याम्पस स्ववियु सभापति यादवले यो आफ्नो मात्र जित नभई सबै विद्यार्थीको जित भएको बताउँदै आफूले सबै विद्यार्थीको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# न्यायको खोजीमा मैनबत्ती बालेर विरोध प्रदर्शन




**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ७ चैत

सैनामैना दलित उत्थान समितिको आयोजनामा ५८ औं अन्तर्राष्ट्रिय रंगभेद तथा जातीय विभेद उन्मुलन दिवस मनाइएको छ । सैनामैनाको सालझण्डी बजार चोकमा दिउँसै मैनबत्ती बालेर, दलित विभेद अन्त्य, कानून कार्यान्वयनका लागि प्ले कार्ड तथा ब्यानरसहित सांकेतिक विरोध प्रदर्शन गरिएको हो ।

सांकेतिक विरोध प्रदर्शन गर्नु भन्दा अगाडि कार्यक्रमको औचित्य बारे सैनामैना दलित उत्थान समितिका अध्यक्ष अम्बिका परियारले संविधानले जातीय छुवाछुत अन्त्य भएको घोषण गरेपनि व्यवहारमा कार्यान्वयन नभएको बताइन् । उनले सार्वजनिक कार्यक्रमहरुमा नेताहरुले जातीय छुवाछुत छैन भनी चर्को भाषण गर्ने गरेको तर वास्तविकतामा उनीहरुले नै यो वा त्यो बहानामा विभेदका श्रृङ्खलालाई बढवा दिएको भन्दै छुवाछुत गर्नेलाई कारबाहीको दायरामा ल्याउन सरकार असफल भएको बताइन् ।

पीडितलाई न्याय दिनुको सट्टा उल्टै दुःख दिने, मुद्दा दर्ता नगर्ने तथा जघन्य अपराधलाई पनि मिलापत्र गर्ने, पीडितको पक्षमा वकालतसमेत नहुँने भएकाले मैनबत्ती बालेर न्याय र उज्यालोको खोजीमा दलित समुदाय भौतारिनु परेको उनले बताइन् । छुवाछुतको मान्यता समाजले नै जबरजस्त स्थापित गरेकोमा आपत्ती जनाउँदै उनले समतामूलक समाज निर्माण गर्नुपर्नेमा उनको जोड थियो ।

दिवसका अवसरमा चर्को भाषण गर्नु भन्दा पनि न्याय, समानता विभेदकाविरुद्ध सांकेतिक विरोध प्रदर्शन गरिएको कार्यक्रम संयोजक जयलाल विकले बताए ।

कार्यत्रमममा संस्थाका सल्लाहाकार सन्तोष परियार, तिलक गहतराज, दलित कार्यपालिका सदस्य डोलबहादुर सुन्धौली, गोरखनाथ सामुदायिक सिकाई केन्द्रका अध्यक्ष लता खड्का, सैनामैना नगरपालिका वडा नम्बर १ देखि ११ का दलित जनप्रतिनिधीहरु, संस्थाका नगर पदाधिकारी, प्रत्येक वडाका अध्यक्ष तथा सदस्यहरु र दलित समुदायको उल्लेखनीय सहभागिता रहेको सस्थाका सूचना अधिकारी सीता गौतमले जानकारी दिइन् । कार्यक्रमको सहजीकरण सस्थाका महासचिव समुन्द्र नेपालीले गरेका थिए ।

## साउदीमा रोजगार | कम्पनी : Tayyibat Khalufah Maintenance & Cleaning Est.

पूर्व स्वीकृत मितिः २०७९/१२/०६ चलानी नं.: ६०१९८४९६ L.T. No.: 283005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र १५ गते (29 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## Invitation of Electronic Bids

**Halesi Tuwachung Municipality**
**Office of the Municipal Executive**
**Durchhim, Khotang**
**Koshi Province, Nepal**

**Date of Publication: 2079/12/08 (2023-03-22)**

1. The Halesi Tuwachung Municipality office, invites Open Completive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Procedure:

| S.N. | Contract ID No. | Name of Project | Cost Estimate (NRs) with VAT + Provisional | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | HTM/Works/NCB-06/2079/080 | Construction of Khopchelipa Park | 46,12,788.99/- | 1,40,000.00/- | 3000/- | 2023-04-21 12:00 | 2023-04-21 14:00 |

2. Bidder must submit tax clearance of FY: 2078/079 or submit time extension in case of FY 2077/078
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Halesi Tuwachung Municipality, Durchhim, Khotang or PPMO'S www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
4. For details bidders are advised to visit website: https://www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय ईटहरी**
**सडक डिभिजन हर्कपुर**
**ओखलढुंगा**

## ठेक्का अन्त्य (Terminate) किन नगर्ने ? सम्बन्धी अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मिति :- २०७९/१२/०८**

यस डिभिजन अन्तर्गतका तपसिल बमोजिमका ठेक्काहरुमा सम्बन्धित निर्माण व्यवसायीलाई तोकिएको समयसिमा भित्र कार्य सम्पन्न गर्न पटक/पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा समेत लामो समय देखि निर्माण कार्य सम्पन्न गर्ने/गराउने तर्फ आवश्यक अग्रसरता/प्रयास/चासो नदेखाएको, स्वघोषित कार्यतालिका अनुसार अपेक्षित प्रगति हासिल नगरेको हुँदा समयमै कार्य सम्पन्न गर्न/गराउनु हुन पुनः सूचित गरिन्छ । यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र कार्य सम्पन्न गर्ने गरि कार्यस्थलमा श्रोत साधनहरु परिचालित गरी कार्यमा तिब्रता दिई आधिकारिक प्रतिनिधि स्वयम अनिवार्य रुपमा कार्यालयमा उपस्थित भई कार्य सम्पन्न गर्ने सुनिश्चितता र विश्वशनीय आधार सहितको निर्माण कार्य सम्पन्न हुने संसोधित कार्यतालिका पेस गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ । उक्त अवधि भित्र कार्यस्थलमा आवश्यक मात्रामा श्रोत साधनहरु परिचालित नगरेको, निर्माण स्थलमा भौतिक प्रगति देखिने गरी निर्माण कार्यमा तिब्रता नआएको देखिएमा जुनसुकै बेला ठेक्का सम्झौताको शर्त तथा प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का अन्त्य (Terminate) गर्ने तर्फ कारवाही अगाडी बढाईने हुँदा के/कति कारणले ठेक्का तोड्ने प्रकृया अगाडी नबढाउने स्पस्ट प्रमाण सहित उपस्थित हुन समेत यसै सूचनाद्वारा तपसिलमा उल्लेखित निर्माण व्यवसायीलाई जानकारी गराइन्छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|---|
| 1 | DROHKR/337310113 /076-77/15 Re | Road Safety work on Harkapur-Hilepani-Okhaldhunga-Salleri Road Section (Siddhicharan Rajmarg) | M/S British & Anubhabi Construction Co. Pvt.Ltd.,Kalanki-14, Kathmandu |
| 2 | RDHKR/33701122 /076-77/37 | Contruction of PSC Girder Bridge (2*40m Span) Over Dhad Molung Khola Along Madhavpur- Sisneri Road, Okhaldhunga | M/S Bhairab-Narayanam-Gyanesh JV, Hetauda, Makawanpur |
| 3 | RDHKR/33701169 /077-78/12 | Roadway Excavation, Gravelling and Structural Works on Diktel-Khotang bazar Road Project ( Diktel Hospital chok -Dube Chhiwa Section), Khotang | M/S Dhukuchhu - Bagale Thapa-BNT JV, Kathmandu |
| 4 | RDHKR/33701136 /078-79/03 | Road & Traffic Safety works on Siddhicharan Rajmarg & Hilepani-Jayaramghat Road Section, Okhaldhunga & Solukhumbu District | M/S Likhu-Khimti Construction & Suppliers Pvt.Ltd., Ramechhap |
| 5 | RDHKR/33701138 /2079/80-005 | Rehabilitation Works of Haleshi-Diktel Road Section ,Khotang | M/S Shuvam Nirman Sewa, Gorkha |

**डिभिजन प्रमुख**

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धरान, सुनसरी**
**खरिद शाखा**

## बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना

**प्रकाशित मिति : २०७९/१२/०८**

यस कार्यालयको मिति २०७९।१०।१० गते प्रथम पटक Tripper खरिद सम्बन्धी ठेक्का नं. 10/DHARAN/GOODS/NCB/079/80 का लागि प्रकाशन गरिएको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएको बोलपत्रहरु मध्ये मूल्यांकन समितिको सिफारिश अनुसार न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता श्री Sipradi Trading Pvt. Ltd. Chandragiri-14, Ktm ले बोलकबोल गरेको अंक रु.९९४९९९९।९८४ मात्र भ्याट सहितको रकम सिफारिश भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ चैत २०७९, बुधबार
22 March 2023, Wednesday

## सम्पादकीय

# लोकप्रियतमा रमाइरहेको सरकार

थ्री नेशन प्रधानमन्त्री कप फुटबलका लागि सात नयाँ खेलाडी समेटेर राष्ट्रिय टीम घोषणा भएको छ । मुख्य प्रशिक्षक भिन्सेञ्जो अल्बर्टोले सात नयाँ खेलाडी समेटेर राष्ट्रिय टीम घोषणा गरेका हुन् । एकैपटक सात नयाँ खेलाडी समेटेर नेपालले कुनै विशेष सन्देश दिन खोजेको भने होइन । बरू राष्ट्रिय टीमका भरपर्दा खेलाडी अवसरको खोजीमा विदेशिएकाले नयाँ खेलाडीलाई ल्याउनु परेको प्रष्ट छ । यो तथ्य एन्फा र प्रमुख प्रशिक्षकले चाहेर पनि लुकाउन सक्दैनन् । किनकि पछिल्ला समय लगातार नेपालका भरपर्दा र राष्ट्रिय टीमका खेलाडीले देश छोडेको खबर सार्वजनिक भइरहेका छन् । देशलाई उपाधि दिलाउन महत्वपूर्ण योगदान दिएका खेलाडीहरूको अहिले अष्ट्रेलियामा पूरा सेट नै तयार भएको देखिन्छ । तर नेपालमा राष्ट्रिय टीम निर्माण गर्न नयाँ खेलाडीहरू समेट्नुपर्ने बाध्यता देखिन्छ ।

यसको ठीक उल्टो दृष्य नेपाली क्रिकेटमा देखिएको छ । राष्ट्रिय टीमका क्रिकेटरहरूलाई राष्ट्रपति, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सम्मान गर्ने लहर चलेको छ । कतिपय खेलाडीले ठूलै पुरस्कार पाइरहेका छन् । वीरगञ्ज, विराटनगर, बुटवल जस्ता स्थानीय तह अनि मधेश र सुदूरपश्चिम सरकारले आफ्नो क्षेत्रका खेलाडीलाई विशेष सम्मान दिइरहेको छ । राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले क्रिकेट टीमसँग उभिएर तस्वीर खिचाउनेदेखि नगदले सम्मान गरेका थिए । यसको पछाडि नेपाली क्रिकेटले अविश्वासनीय प्रदर्शन गर्दै ओडीआईको मान्यता कायमै राख्नु र विश्वकप छनोटमा पुग्नु थियो ।

यी दृष्यको सन्देश हो, खेलाडीले राम्रो प्रदर्शन गर्दा पुरस्कार होड दिने अनि दीर्घकालीन विकासमा ध्यान नदिने । किनकि क्रिकेटकै जस्तो दृष्य केही पहिले फुटबलमा पनि देखिने गरेको थियो । राम्रो खेलेर फर्किएका खेलाडीलाई हतार सम्मान र पुरस्कारको घोषणा हुन्थ्यो । तर खेलाडीको उचित व्यवस्थापन र खेल विकासमा आवश्यक ध्यान नपुग्दा फुटबल क्षेत्र अगाडि बढ्न सकेको छैन । लगातार ओरालो लागेको नेपाली फुटबलमा खेलाडीहरूको आकर्षण समेत देखिएको छैन । यसको बिपरीत क्रिकेटको क्रेज बढेको छ । लोकप्रियताकै निम्ति तहगत सरकारले सम्मान र पुरस्कार घोषणा गरिरहेका छन् । तर बिर्सन नहुने पक्ष फेरि पनि दीर्घकालीन विकास नै हो । नत्र अहिले क्रिकेटका निम्ति भइरहेको सम्मान समायान्तर बेवास्तामा परिणत हुन सक्छ । तसर्थ खेल क्षेत्रमा भौतिक पूर्वाधार, आवश्यक बजेट विनियोजन, जनशक्ति निर्माण, नियमित प्रतियोगिता र आवश्यक सम्मानको व्यवस्था सरकारको प्राथमिकतामा पर्नु जरूरी छ ।

# उत्पादन र रोजगारीसँग नजोडिएको विकास

*आज करोडौँ रूपैयाँ खर्चेर भ्यूटावर (दृश्यावलोकन स्तम्भ) बनाउने, स्वागत द्वार बनाउने, जथाभावी बाटो खोलिदिएर उब्जाउ जग्गामा बस्ती बसाल्ने, जोखिमयुक्त ठाउँमा पनि सडक बनाइदिने जस्ता काम हचुवा तालमा भइरहेका छन् ।*

अग्रलेख



● डा. ठाकुरप्रसाद भट्ट

कतै ठूला भवन बनेको, अनि सडक बाटोको निर्माण हुँदै गरेको, अनि कतै उब्जाउ जग्गा नासिएर नयाँ बस्ती नै बसेको देखेपछि ओहो यहाँ त विकास भएछ, हुन थालेछ भनेर टिप्पणी गरेको सुन्न पाइन्छ । अझ जनमानसमा रहेको यही भावनामा खेलेर वा विषयवस्तुलाई गहिराइमा नबुझेरै भौतिक निर्माणलाई मात्र विकास भनेर त्यसैमा आफ्नो भूमिका देखाउने कोशिस राजनीतिक वृत्त र नीति निर्माताले गरिरहेको अवस्था छ ।

मुलुकमा राजनीतिक प्रणालीमा परिवर्तन आएसँगै विकासको अवधारणामा पनि परिवर्तन आउनुपर्ने थियो । लोकतान्त्रिक प्रणालीमा जनताको खुला र सक्रिय सहभागितामा योजना प्रणाली लोकप्रिय, जनमुखी र प्रभावकारी हुनुपर्ने हो । अझ संघीय प्रणालीमा त सबै तहका योजना प्रणाली र त्यसबाट तर्जुमा गरिएका योजनाले विकास र सुशासनको प्रत्याभूत दिन सक्नुपर्ने हो । त्यसो नहुँदा दीर्घकालीन विकासको सोचभन्दा क्षणिक लोकप्रियता हासिल गर्ने खालका अनुत्पादक क्षेत्रमा लगानी गर्ने क्रम बढ्न गयो । आज करोडौँ रुपैयाँ खर्चेर भ्यूटावर (दृश्यावलोकन स्तम्भ) बनाउने, स्वागत द्वार बनाउने, जथाभावी बाटो खोलिदिएर उब्जाउ जग्गामा बस्ती बसाल्ने, जोखिमयुक्त ठाउँमा पनि सडक बनाइदिने जस्ता काम हचुवा तालमा भइरहेका छन् ।



यस खालको विकासप्रति सचेत तप्कामा आलोचना हुने गरे पनि सर्वसाधारण जनतामा रहेको भ्रम तथा टाठाबाठा र कर्मचारीतन्त्रले यस्तै विकासबाट राज्यको स्रोतसाधन दोहन गर्ने प्रवृत्ति मौलाएको छ । राजनीतिक वृत्तमा सस्तो र छिटो लोकप्रियता हासिल गर्ने र कमिशनसमेत कुम्ल्याउने नियतले आवश्यकता, प्राथमिकता, दिगो वातावरण जस्ता पक्षलाई बेवास्ता गरेर विनाशकारी विकासको खेती भइरहेको छ । यो खालको विकासले सतहमा केही भइरहेको जस्तो देखिए पनि यसले दीर्घकालमा कुनै सार्थक लाभ नदिने तथ्य त हाम्रो अहिलेसम्मको विकासको परिणामले देखाइरहेकै छ । यस्तो नकारात्मक प्रभावको विकासको हचुवा र एकाङ्गी प्रवृत्तिलाई समयमै रोकेर वास्तिवक प्राथमिकतामा आधारित दीर्घकालीन सोचसहितको एकीकृत विकासको सही नीति तय गर्न अत्यन्त जरुरी भइसकेको छ ।

हामीले अभ्यास गर्दै आएको विकास कतिसम्म हचुवा छ भन्नलाई केही दृष्टान्त नै यथेष्ट हुनेछन् । बुटवलमा ठूलो अन्तर्राष्ट्रिय सभाहल बनेको छ तर यसको सञ्चालनबारे कुनै टुङ्गो छैन । चक्रपथमा पानीजहाजको कार्यालय खडा भइसकेको छ । त्रिभुवन विश्वविद्यालय परिसरमा जाने हो भने यो अध्ययनअध्यापनको स्थल होइन व्यापारिक भवन निर्माणस्थल हो कि जस्तो प्रतीत हुन्छ । यस्तो किन लाग्छ भने त्रिविविले आफ्नो पूरा जग्गा-परिसरको घेरबार र सुरक्षा गरेको छैन, जतासुकै लथालिङ्ग छ तर हरेक भवन वा विभागले आआफ्ना परिसरमा कम्पाउन्ड पर्खाल लगाएका छन् । जबकी यी सबैको कम्पाउन्ड पर्खाल मिलाएर पूरै त्रिविवी परिसरको घेरबार गरी एकीकृत तवरमा सुरक्षा र संरक्षण गर्न सकिन्छ । अर्थात् यहाँ गुरुयोजनाको अभाव छ, भवन जथाभावी बनेका छन् र अलगअलग कम्पाउन्डले घेरिएका छन् पूरै परिसरको साझा घेरबार छैन । गुरूयोजनाका आधारमा काम हुने हो भने यो स्थान हराभरा र व्यवस्थित अति नै सुन्दर हुने कुरामा कुनै शंका छैन । जब वौद्धिक र विज्ञ रहेको यस्तो संस्थामा त यस्तो अवस्था छ भने अन्यत्र के हालत होला भनेर सहजै अनुमान गर्न सकिन्छ । यी एकाध दृष्टान्तले नै हाम्रो विकासको पिछडिएको सोच र व्यवस्थापकीय कमजोरीको अवस्थालाई उजागर गर्छ ।

*विकास योजना कुनै प्रक्रियाबाट होइन राजनीतिक नेता वा पद र शक्तिमा रहेकाको कोटको खल्तीबाट उत्पन्न हुने गरेको छ । यस्तो परिपाटी सरकारका तीनै तहमा देखिन्छ । यस्तोमा सहभागीमूलक र पारदर्शी योजना तर्जुमाको पद्धतिलाई स्थानीय समुदायबाटै अवलम्बन गर्ने नीतिलाई कडाइका साथ लागू नगरेसम्म मुलुकको आर्थिक विकासले सही गति लिन सक्दैन ।*

अर्को थप दृष्टान्त राष्ट्रिय योजना आयोगले आयोजना बैंकको नीति अघि सारेको छ । तर, यो पनि फेरि बिना प्राथमिकताका नेताका पहुँचका योजनालाई समावेश गरेर अनुमोदन गर्ने बाटो बनिरहेको छ । भनिन्छ करिब ५०० जति पुराना अधुरा योजना निर्माण सम्पन्न नभएर लथालिङ्ग अवस्थामा रहेका छन् । भौतिक पूर्वाधार जस्तो प्रत्यक्ष देखिने र तुलानात्मकरुपमा सजिलो क्षेत्रको विकासको हालत त यस्तो छ भने सामाजिक, आर्थिक र मानवीय विकासबाट समाजकै रुपान्तरण गर्ने समग्र विकासको पक्ष कति कमजोर होला अनुमान गर्न कुनै कठिनाइ नहोला ।

वास्तवमा हाम्रो विकास नीति र योजना प्रणाली कुनै गम्भीर विश्लेषणबिना नै हचुवा शैलीमा चलिरहेको छ । उदाहरणका लागि यातायातको विकासका लागि हामीसँग सर्वप्रथमतः 'कनेक्टिभिटी'को गुरुयोजना जरुरी हुन्छ । यसका आधारमा यातायातका विविध योजना सडक, हवाई यातायातका पूर्वाधार विकास गरिन्छ । त्यसैगरी स्वस्फूर्त बस्ती बनेपछि मात्र बस्ती विकास योजना गर्नु उल्टो र महँगो तरिका हो । हुनुपर्ने त भूउपयोग योजनाका आधारमा मात्र भौतिक पूर्वाधार र बस्ती विकासलगायत सामाजिक-आर्थिक विकासका काम गर्नुपर्ने हो ।

भूउपयोग योजनाको अभावमा हचुवा र प्राथमिकताबिहीन भौतिक निर्माणमा मात्र केन्द्रित विकासको दुष्चक्रले गर्दा अहम् महत्वको उत्पादन, बजार र रोजगारीको मूल कामले स्थान पाइरहेको छैन । उत्पादनमुखी विकासले प्राथमिकता नपाउँदा देशको अर्थतन्त्र आत्मनिर्भर हुन सकिरहेको छैन भने बेरोजगारी भयावह समस्या बनेको छ । उत्पादनको कुरा गर्दा सँगसँगै आउने विषय हो बजार । बजारबिनाको उत्पादनले अर्थतन्त्रमा गति भर्न सक्दैन र यस्तो अवस्थामा रोजगारीको विस्तार पनि अवरुद्ध हुन जान्छ । त्यसैले हाम्रो विकासको मूल लक्ष्य कसरी उत्पादन बढाउने, उत्पादित वस्तुको बजार कसरी सुनिश्चित गर्ने भन्ने नै हुनुपर्छ । यसका लागि सबै विकासका क्रियाकलाप भौतिक पूर्वाधारदेखि जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणालीसमेत उत्पदान र रोजगारमुखी हुनुपर्छ । यदि कुनै पनि विकास गतिविधिको उत्पदान र रोजगारसँग सम्बन्ध छैन भने त्यस्तो काममा स्रोतसाधन परिचालन गर्नु सीमित आर्थिक साधनलाई खेर फाल्नु सरह हो ।

यसै सन्दर्भमा पञ्चायतकालमै त्यसबेलाका वरिष्ठ योजनाविद् डा. हर्क गुरुङसँग जोडिएको एउटा दृष्टान्त मनन गर्न उपयुक्त हुनेछ । त्यसबेलाका पञ्चायतका प्रतिनिधिहरुले विकास भनेकै सडक बुझ्ने प्रचलनबमोजिम नै सडक निर्माण योजनाका माग राखेछन् । सडकको माग सुनेर डा. गुरुङले त्यो सडक पुग्ने गाउँबाट के चिज बजारमा आउन सकिन्छ भनेर ती प्रतिनिधिहरुसँग सोधपुछ गरेछन् । यसबारेमा उनको भनाइ उत्पादन र बजारसँग नजोडिएको खण्डमा त्यहाँ बनाइने सडकको पूर्ण उपयोगिता हुन नसक्ने र त्यसमा गरिएको लगानी सार्थक नहुने रहेछ । सायद यो विश्लेषणमा अहिले पनि विमति राख्ने ठाउँ नहोला । तथापि, हाम्रो विकास नीति र योजना तदनुरुप नहुँदा हाम्रो आर्थिक विकासको पाटो ज्यादै कमजोर अवस्थामा रहेको छ ।

रोजगारी सिर्जनाको कुरा उत्पादनमूलक आर्थिक क्रियाकलापमा निर्भर हुनेगर्छ । हामी यस्ता क्रिकलाप के हुन सक्छन् भनेर गम्भीर विश्लेषण नगरी हचुवा र सस्तो लोकप्रिय झल्कने प्रधानमन्त्री रोजगार, युवा स्वरोजगारजस्ता कार्यक्रम घोषणा गर्छौं । यी कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा केबल झारा टार्ने र सरकारी रकम सिध्याउने, कार्यकर्ता पोस्ने ठाउँ भएको छ । अर्कोतर्फ अर्थतन्त्रको आधार कृषिमा कसरी सुधार गर्ने, अनि कृषिमै आधारित औद्योगिक विकास गर्नेतर्फ हाम्रो गम्भीर विश्लेषण गरी योजनाहरु बन्न सकेका छैनन् । यसको फलस्वरुप रोजगारीको सिर्जना हुन सकिरहेको छैन ।

हाम्रो शिक्षा प्रणाली र खासगरी प्राविधिक शिक्षाको पाटो पनि उत्पादन र रोजगारीसँग जोडेर अघि बढ्न सकेको छैन । परम्परादेखि वर्तमानसम्म पनि स्वदेश होस् वा विदेशमा होस् हामी नेपाली सामान्यत कडा परिश्रम गर्नेजाति भनेर नै चिनिएका छौँ । तरपनि दीर्घकालीन सोच, सही नीति, प्राथमिकता र योजनाको अभावमा हामीले उत्पादन र रोजगारमुखी विकासको बाटो समात्न चुकिरहेका छौँ ।

विकास योजना कुनै प्रक्रियाबाट होइन राजनीतिक नेता वा पद र शक्तिमा रहेकाको कोटको खल्तीबाट उत्पन्न हुने गरेको छ । यस्तो परिपाटी सरकारका तीनै तहमा बढ्दै जान थालेको गुनासो व्याप्त छ । सहभागीमूलक र पारदर्शी योजना तर्जुमाको पद्धतिलाई स्थानीय समुदायबाटै अवलम्बन गर्ने नीतिलाई कडाइका साथ लागू नगरेसम्म मुलुकको आर्थिक विकासले सही गति लिन सक्दैन । अब विगतको हचुवा भौतिक निर्माणलाई मात्र विकास मान्ने गलत प्रतिमानमा फेरबदल ल्याउन गम्भीर विचारविमर्श गर्न जरुरी भइसकेको छ ।

*(लेखक विकास, योजना र सुशासनसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न छन् ।)*

## सामाजिक सञ्जाल



- मुमाराम खनाल

घुमीफिरी सरकार पस्ने कांग्रेसको कागतालीलाई छोडेर बाँकी रहेका झण्डै दर्जनजति भुराभारा दलहरूलाई मन्त्री पदसम्म त थमाउँनै पऱ्यो । तर, प्रधानमन्त्री ज्यू, सरकार टिकाउने नाममा आधा दर्जन उपप्रधानमन्त्री बनाएर अन्तर्राष्ट्रिय बेइज्जती नगर्नुहोला । राष्ट्रिय बेइज्जती त अब के हुन बाँकी छ र ?



- निलाम्बर आचार्य

सत्ता राजनीतिको प्रतिस्पर्धा छ । दुई प्रमुख शक्तिको प्रतिस्पर्धामा साना पार्टी उपयोग भइरहेछन् । आफ्नो भाउ हलक्क बढेको बुझेका छन् । कहिले यता लाग्छन् त कहिले उता । दुई प्रमुख पार्टी आफ्नै प्रमुखताको अहम्मा देशका साझा समस्या साझारूपले समाधान गर्न निरन्तर चुकिरहेछन् । यस्तै छ यहाँको हाल ।



- फणिन्द्र नेपाल

विद्यार्थी राजनीति विद्यार्थीमा सीमित छैन, उनीहरूले आफ्नो माउ पार्टीको निर्देशनमा चल्नुपर्छ । आफ्नो कार्यसूची कुनै पनि विद्यार्थी संगठनले देखाउन नसक्नुले उनीहरू राजनीतिबाट सबैभन्दा बढी आक्रान्त रहेको भन्ने बुझिन्छ । विश्वविद्यालय र कलेजमा तालाबन्दीलाई रोक्ने नेतृत्वको अपेक्षा छ ।



- हरिकृष्ण शाक्य

जनमत संग्रहमा मिलिजुली सरकार हुनुपर्छ भनेर कम्युनिष्टहरुले भने । बीपीले मानेनन् । उनको भनाई थियो- सबै षडयन्त्रमा पञ्चायतका समर्थक छन् । हामी सरकारमा गएर गर्ने के सक्छौं सही गर्न बाहेक भन्ने तर्क दिए । यही निऊँ कम्युनिष्ट झापालीहरुले जनमत संग्रहको विरोध गरे । राजनीति दलहरुमा कहिले परिपक्कता आएन ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ कार्यमा सावधानी राख्नुहोला । प्रियजनसँग भेट हुनेछ । |
| वृष | : | घरेलू जिम्मेवारीमा वृद्धि हुनेछ । यात्रा सफल हुनेछ । |
| मिथुन | : | दैनिक जीवन सुखी रहनेछ । विरोधी सक्रिय रहनेछन् । |
| कर्कट | : | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । यश बढ्नेछ । |
| सिंह | : | व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |
| कन्या | : | नाता-गोतासँग मनमुटाव रहनेछ । हतारमा कुनै निर्णय नलिनु होला । |
| तुला | : | राजनैतिक समारोहमा सहभागी हुनुपर्नेछ । भूमि लाभ हुनेछ । |
| वृश्चिक | : | प्रसन्नता प्राप्त हुनेछ । यात्रा सफल र सुखद रहनेछ । |
| धनु | : | धैर्यतापछि सफलता मिल्नेछ । विरोधी सक्रिय हुनेछन् । |
| मकर | : | विधार्थीहरुको लागि समय शुभ छ । प्रशस्त मात्रामा धन कमाउने अवसर छ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ मिल्नेछ । सम्मानमा वृद्धि हुनेछ । |
| मीन | : | पारिवारिक विवादले अशान्ति पैदा गर्नेछ । रुकावटपछि प्रगति हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# स्ववियु निर्वाचनसँग जोडिएका सवाल

विचार



● बिदुर दाहाल

वास्तवमा दलमाथि प्रतिबन्ध लागेको र प्रजातान्त्रिक व्यवस्था नभएको बेला स्वतन्त्र विद्यार्थी युनियन समयको माग थियो । समय परिवर्तन भएको छः समयले कोल्टे फेरेको छ । झण्डै आधा शताब्दी अघिको सन्दर्भ अब परिवर्तन गर्न जरुरी छ । परिवर्तन नगर्ने हो भने विश्वविद्यालयको अर्थ हुनेछैन ।

कुन क्याम्पसमा, कुन प्यानलले जीत हाँसिल गऱ्यो ? अखिल वा नेविसंघ वा क्रान्तिकारी वा अरु ? स्ववियु निर्वाचन विद्यार्थीको चुनाव भने पनि पार्टीकै अघोषित चुनाव बनेको छ । कुनमा कसले बाजी माऱ्यो ? कुन क्याम्पसमा कुन पार्टी बलियो ? भन्ने मापन भएको छ ।

चैत्र ६ गते सम्पन्न भएका क्याम्पसको नतिजा आइरहँदा र विगतको अभ्यास हेर्दा, नतिजाबाट उत्साहित हुन सकिँदैन । सीमित विद्यार्थीले राजनीति गर्ने; चुनावताका केही सय विद्यार्थी भर्ना गर्ने र तिनिहरुकै सहायताले चुनाव जित्ने परिपाटी विकास भएको छ । खास विद्यार्थीहरु मतदानमा भाग लिँदैनन्; उनीहरुमा चासो कम छ । अहिले ५० प्रतिशत देखि ६० प्रतिशतसम्म मतदान भएको भनिएको छ । यो तथ्यांकले वास्तविक विद्यार्थी मतदान गर्दैनन् र उनीहरुलाई पार्टीको राजनीतिप्रति रुची छैन भन्ने अर्थ आउँछ । अहिलेको स्ववियु र विद्यार्थी संघसंगठनहरु शैक्षिक सुधार होइन; पार्टी बलियो बनाउने काममा लागेका छन् । एक हिसाबले शैक्षिक संस्थामा पार्टीले कब्जा जमाउने प्रयास गर्दै छन् । स्ववियु; नेता कार्यकर्ता उत्पादनभन्दा अरु बढी हुनै सकेन ।

वास्तवमा दलमाथि प्रतिबन्ध लागेको र प्रजातान्त्रिक व्यवस्था नभएको बेला स्वतन्त्र विद्यार्थी युनियन समयको माग थियो । समय परिवर्तन भएको छ; समयले कोल्टे फेरेको छ । झण्डै आधा शताब्दी अघिको सन्दर्भ अब परिवर्तन गर्न जरुरी छ । परिवर्तन नगर्ने हो भने विश्वविद्यालयको अर्थ हुनेछैन । वर्तमानको स्ववियु शैक्षिक रूपान्तरणको सहयोगी बनेन बरु शैक्षिक निकायमा पार्टीको राजनीति घुसाउने निकाय बन्यो । यसले समानान्तर सत्ता चलाउने प्रयास गर्दैछ । स्ववियु शैक्षिक उन्नयनको हिस्सा बन्नु पर्नेमा कहिल्यै त्यसो गरेन । स्ववियुले शैक्षिक सुधारमा भूमिका खेल्नै सकेन । मातृ पार्टीलाई टेवा दिने निकायभन्दा बढी हुन सकेन । विश्वविद्यालयमा शैक्षिक सुधारको आशा राख्नेका लागि यो बिडम्बना हो । के अब चाहिँ निर्वाचित स्ववियुले गर्ला ? वास्तवमा निर्वाचनबाट आएको स्ववियु पनि बिगतको स्ववियुभन्दा फरक हुने छाँटकाँट छैन । त्यसैले अहिलेसम्म जे जति प्रयास र अभ्यास भए ती फोहोरमा फोहोर फाल्नकै लागि भएका छन् ।

परम्परागत स्ववियुलाई समय सापेक्ष बनाउने सोच न त्रिभुवन विश्वविद्यालयको छ न सरकारको छ, न राजनीतिक पार्टीको । देशमा गुणस्तरीय शिक्षा नहुँदा र शिक्षा रोजगारीसँग नजोडिँदा विदेशीने विद्यार्थीको लर्को थामी सक्नु छैन । यो कुराले कसैलाई पोलेन । सबै मस्ताराम छन् । स्ववियुले यसको उत्तर आजसम्म खोज्ने प्रयास पनि गरेन । गर्ने पनि छैन ।

स्ववियु वा एकेडेमिक काउन्सिलको माध्यमबाट विश्वविद्यालयको शैक्षिक गुणस्तर र शैक्षिक सुधार गर्न सकिन्छ । स्ववियुको परम्परागत संरचना परिवर्तन गर्न चाहेमा यो काम कठिन छैन । जेठो त्रिभुवन विश्वविद्यालयले यस तर्फ पहल कदमी लिए राम्रै हुन्छ । बरु छिटो गरोस् ।

हरेक सेमेष्टरबाट वा हरेक वार्षिक परीक्षाबाट उत्कृष्ट नतिजा ल्याएका विषय र कार्यक्रमका उत्कृष्ट विद्यार्थी यसका पदेन सदस्य रहने गरी परम्परागत स्वबियुलाई रुपान्तरण गरी 'एकाडेमिक काउन्सिल' बनाई शैक्षिक उन्नयनको हिस्सेदार बनाउन सकिन्छ । अहिलेको स्वबियु र त्यसका पदाधिकारीभन्दा उत्कृष्ट नतिजा ल्याएका व्यक्तिहरुबाट शैक्षिक सुधारको आशा गर्न सकिन्छ । शैक्षिक सुधारमा ती उत्कृष्ट दिमाग सहयोगी हुने छन् । क्याम्पसमा १०औँ वर्ष कुरेर स्वबियु पदाधिकारी भएकाबाट शैक्षिक उन्नयनको आशा गर्नु अब बेकार छ ।

विश्वविद्यालयहरुका अरु समास्या नभएका होइनन्, समस्याको चाङ्ग छ । शिक्षकका समस्या छन् । कर्मचारीका समस्या छन् । व्यवस्थापनका समस्या छन् । तिनिहरुलाई पर राखेर स्वबियु चुनाव र यसको सन्दर्भमा कुरा गरिरहँदा त्यो निकायबाट पनि केही सकारात्मक आशा गर्न सकिन्छ । तर, त्यसलाई रुपान्तरण भने गर्नैपर्ने छ । त्यसो भएमा त्यो निकायले पनि शैक्षिक सुधारमा टेवा दिन सक्नेछ । हामी आशा गर्न सक्छौं ।

# बाख्रापालनले बदलिएको डम्बर धामीको जीवन

उत्तमकुमार थापा/मध्यान्ह
बझाङ, ७ चैत

जिल्लाको बुङ्गल नगरपालिका वडा नम्बर ९ का डम्बर धामीको परिचय थियो ‘जड्याहा मान्छे’। उनको यो परिचय करिब २७/२८ वर्षसम्म कायम रह्यो। उनलाई गाउँघरका स-साना बालबालिकादेखि जेष्ठ नागरिकले पनि यही परिचयबाट चिन्ने गरेका थिए। तर अहिले उनको परिचय बदलिएको छ। उनी एक सफल कृषक बनेका छन्। अहिले उनको परिचय मात्रै बदलिएको छैन, उनको जीवनस्तर पनि बदलिएको छ।

दलित सहयोग समाजले ५० हजार रुपैयाँ बराबरको बाख्रा खरिद गरेर उनलाई हस्तान्तरण गर्‍यो।

करिब तीन दशक ‘जड्याहा मान्छे’को उपनामले परिचित धामीलाई समाजले बाख्रा हस्तान्तरण गर्नु भनेको एक हास्यास्पद कार्य थियो। समाजको यस्तो निर्णयलाई स्थानीयहरुले प्रत्यक्ष अप्रत्यक्षरुपमा खिसीटिउरी गरिरहेका थिए।

छिमेकीहरुको त्यो खिसीटिउरीलाई उनले शक्तिमा बदले। अहिले उनीसँग करिब २ लाख बराबरका बाख्रा रहेका छन्। उनले १९ वटा बाख्रा बिक्री वितरण गरिसकेका छन्।

५२ वर्षका धामीका २ छोरी, २ छोरा र श्रीमति छन्। आफ्नो परिवारको खर्चदेखि शिक्षा दिक्षामा उनले यही व्यवसायबाट धानीरहेका छन्। दलित सहयोग समाजले बाख्रा हस्तान्तरण गरेपछि आफूलाई परिवर्तन हुने उर्जा मिलेको धामीले बताए।



दलित सहयोग समाजका कार्यकारी निर्देशक सुनिल दमाईसँग उनले आफूमा आएको परिवर्तनबारे जानकारी गराए। समाजको सहयोगले आफूमा परिवर्तन आएको बताउँदै उनले यस प्रकारको सहयोगले धेरैको जीवन परिवर्तन हुने विश्वास व्यक्त गरे। दलित सहयोग समाजले बुङ्गल नगरपालिकाको वडा नम्बर १, ३, ५, ९, १० र ११ गरी ६ वटा वडामा काम गर्दै आएको छ। समाजले आर्थिकस्थिति कमजोर रहेका व्यक्तिहरुलाई बाख्रा मात्रै नभएर भैंसी पनि वितरण गर्दै आएको छ। युनाइटेड मिसन टु नेपाल एमडिपी र दलित सहयोग समाजको संयुक्त आयोजनामा समाज रुपान्तरणका लागि विभिन्न बस्तीहरुमा जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएको समाजले जनाएको छ।

## कतारमा रोजगारको अवसर | कम्पनी : MR CATERING SEVICES WLL.
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/११/०२ चलानी नं.: ६०१९८४८९ LT. No.: 282811

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
